# डे०३ आय विवरणको अनुसूची १० अद्यावधिक गर्ने सम्बन्धी आन्तरिक राजस्व विभागको जरुरी सूचना

डे०३ आय विवरण पेश गर्ने करदाताहरुले आय विवरण सबमिट गर्दा अनुसूची-१ वा २ बमोजिमको जम्मा कर दायित्व र अनुसूची-१० बाट दावी गरेको कर एकिन नगरी आय विवरण सबमिट गर्ने गरेको र आय विवरण पेश भईसकेपछि अनुसूची १० मा दावी गर्नुपर्ने रकम छुटेको भनी कार्यालयमा निवेदन दिने प्रवृति बढ्दै गएको जानकारी प्राप्त हुन आएकोले आय विवरण सबमिट गर्नु अगाडि करदातालाई नै आफुले तिर्नुपर्ने कर दायित्व र दावी गरेको कर एकिन गराउने उद्देश्यले अनुसूची-१ र २ को फाराम र आय विवरण सबमिट(Finalized) गर्ने क्रममा देहाय बमोजिमको सूचना आउने व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबै करदाताहरुलाई जानकारी गराइन्छ।

**तपसिलः**

१. अनुसूची १ वा २ अपडेट गर्ने क्रममा देहाय बमोजिमको म्यासेज आउनेः

**अनुसूची १० बाट कर भुक्तानी दावी रु ...... एकिन गरी पेश गर्नुहोला।**

२. डे०३ आय विवरण सबमिट (Finalized) गर्दा देहाय बमोजिमको म्यासेज आउनेः

**जम्मा तिर्नु पर्ने कर रु......**
**जम्मा तिरेको कर रु........**
**एक पटक Submit गरिसकेपछि अर्को पटक विवरण फेरि परिवर्तन गर्न पाईने छैन। के तपाई Submit गर्ने चाहनुहन्छ ?**